**मिति २०८२।१२।२५ गते बसेको गैंडाकोट नगरपालिकाको आ.व.२०८२/०८३ को एघारौं नगर कार्यपालिका बैठकका निर्णयहरु:**

**निर्णय नं. १** गैंडाकोट नगरपालिकाको 'घ' वर्गको निर्माण व्यवसायी इजाजतपत्र सम्बन्धी कार्यविधि-२०७५ बमोजिम गैंडाकोट बिल्डर्स एण्ड सप्लायर्स प्रा.लि. गैंडाकोट-५, नवलपरासी (ब.सु.पू.) लाई 'घ' वर्गको निर्माण व्यवसायी इजाजतपत्र उपलब्ध गराउने निर्णय गरियो।

**निर्णय नं. २** गैंडाकोट नगरपालिकाको तर्फबाट आगामी वर्ष २०८३/०८४ को लागि प्रदेशका समपुरक र बिशेष अनुदान अन्तर्गत देहायका योजनाहरु माग गरी पठाउने निर्णय गरीयो।

| | |
|---|---|
| | **समपुरक अनुदान तर्फ** |
| १ | भागर देखि टाँडी मटकुरी हुँदै आहाले जोड्ने सडक निर्माण वडा नं. १८ |
| २ | ईट्टा भट्टा देखि रिङरोड जोड्ने बाटो निर्माण वडा नं. ४ |
| ३ | सिख्रौलीचोक देखि सिमेन्ट फ्याक्ट्री जोड्ने सडक निर्माण वडा नं. १३ |
| | **विशेष अनुदान तर्फ** |
| १ | महेश्वर खोलामा मोटरेवल पुल निर्माण वडा नं. १८ |
| २ | भल निकास नाला निर्माण वडा नं. १४ - १७ |
| ३ | झरहि खोला तटबन्धन वडा नं. १५-१७ |

**निर्णय नं. ३** तराई मधेश समृद्धि कार्यक्रमको लागि आ.व. २०८३/०८४ को लागि कार्यक्रमको तर्फबाट ७०% र नगरपालिकाको तर्फबाट ३० % लागत साझेदारीमा गैंडाकोट नगरपालिकाको तर्फबाट देहाय बमोजिमका ३ वटा योजनाहरुलाई आवश्यक कागजात सहित सिफारिस गर्ने निर्णय गरियो।

| क्र.सं. | योजना तथा कार्यक्रमको नाम ठेगाना | लागत अनुमान रु. | कैफियत |
|---|---|---|---|
| १ | शुभ चोक देखि रिंगरोड जोड्ने समृद्धि मार्ग नाला सहित बाटो पिच वडा नं. १ | रु.१ करोड | |
| २ | कुमारवर्ति स्कुल देखि भोटे खोलासम्म बाटो पिच वडा नं. ११ | रु.१ करोड | |
| ३ | लखनचोक देखि जयश्रीखोलासम्म जाने बाटो पिच वडा नं. ३,४ र ८ | रु.१ करोड | |

**निर्णय नं. ४** अमरापुरी खानेपानी तथा सरसफाइ उपभोक्ता संस्था गैंडाकोट, (१४-१७), नवलपरासी (ब.सु.पू.) बाट अनुरोध भई आए बमोजिम उक्त संस्थाले नगर विकास कोषबाट ऋण लिने प्रयोजनका लागि नगरपालिकाको तर्फबाट जमानत बसिदिन माग गरेकोले नगरपालिकालाई थप आर्थिक दायित्व नपर्ने गरी स्वीकृत दिने निर्णय गरियो।

**निर्णय नं. ५** गैंडाकोट नगरपालिका वडा नं. ७ र ९ मा रहेका नारायणी किनारबाट नदीजन्य पदार्थ उत्खनन् गरी ढुवानी गर्ने देहाय बमोजिमका बाटोहरुको ढलान गर्न आ.व. २०८३/०८४ मा क्रमागत योजना रहने गरी रु.५०/५० लाखको टेण्डर आब्हान गर्न कार्यालयलाई निर्देशन गर्ने निर्णय गरियो।

- सफल महिला समूह विकास मन्च देखि जयश्री पुलसम्मको बाटो वडा नं.७
- हनुमान मन्दिर पछाडी चक्रघाट जाने बाटो वडा नं. ९

रामचन्द्र मामगाई
प्रमुख प्रशासकीय अधिकृत

शान्ती कोइराला
नगर उप-प्रमुख

मदन भक्त अधिकारी
नगर प्रमुख

**निर्णय नं. ६** गैंडाकोट नगरपालिका क्षेत्र भित्र व्यवस्थित श्मशानघाट निर्माण गर्ने प्रयोजनको लागि हाल सञ्चालनमा रहेका उपयुक्त दुई स्थानहरु (१-९ र १०-१८) मध्येबाट स्थलगत अध्ययन गरी १५ दिन भित्र प्रतिवेदन पेश गर्न देहाय बमोजिमको भौगोलिक क्षेत्र अनुसारका दुई समिति बनाउने दिने निर्णय गरियो ।

**क. गैंडाकोट वडा नं. १-९ सम्मको लागि**

संयोजकः- श्री शुभाष चापागाईं वडा अध्यक्ष वडा नं. ६

सदस्यः- श्री होमनाथ सापकोटा वडा अध्यक्ष वडा नं. ७

सदस्यः- श्री धामनाथ सापकोटा वडा अध्यक्ष वडा नं. ९

सदस्यः- श्री सुरेन्द्र प्रसाद रेग्मी वडा अध्यक्ष वडा नं. १

सदस्य सचिवः- श्री शंकर कँडेल वन,वातावरण तथा विपद् व्यवस्थापन उपशाखा प्रमुख

**गैंडाकोट वडा नं. १०-१८ सम्मको लागि**

संयोजकः- श्री गोविन्द प्रसाद सुवेदी वडा अध्यक्ष वडा नं. ११

सदस्यः- श्री चक्रपाणी कँडेल वडा अध्यक्ष वडा नं. १२

सदस्यः- श्री गोपी कँडेल वडा अध्यक्ष वडा नं. १७

सदस्यः- श्री कोकिसरा राना मगर वडा अध्यक्ष वडा नं. १४

सदस्य सचिवः- श्री शंकर कँडेल वन,वातावरण तथा विपद् व्यवस्थापन उपशाखा प्रमुख

**निर्णय नं. ७** यस गैंडाकोट नगरपालिका,नगर कार्यपालिका कार्यालयले चालु आ.ब. २०८२/०८३ को लागि नगर क्षेत्र भित्रका निजि जग्गाहरुबाट ढुंगा/ माटो उत्खनन् तथा संकलन कार्य गर्न Narayani Training and Engineering Pvt. Ltd. गैंडाकोट-१, नवलपरासी( ब.सु.पू.) द्वारा तयार गरिएको तपशिलको निजि जग्गाहरुको संक्षिप्त वातावरणिय अध्ययन प्रतिबेदनहरु स्वीकृत गर्ने, साथै सम्बन्धित वडाहरुसंग आवश्यक समन्वय गरी,वडा समितिको सिफारिस र तोकिएका स्थानहरुको स्थानीयबासीको समेत सहमति गरी चालू आ.व.मा गण्डकी प्रदेश सरकारको आर्थिक ऐनमा तोकेको दररेट बमोजिमको राजश्व यस नगरपालिकाको खातामा दाखिला गरी देहाय बमोजिमको जग्गाबाट ढुंगा/ माटो उत्खनन् तथा संकलन गर्न अनुमति दिने साथै उक्त कार्यको गैंडाकोट नगरपालिकाबाट गठित ढुंगा,गिट्टी,बालुवा र माटो बिक्री तथा व्यवस्थापन निर्देशक समितिबाट अनुगमन समेत गर्ने निर्णय गरियो ।

**तपशिलः**

| क्र.सं. | स्थान र क्षेत्रफल | जग्गा धनीको नाम | स्थान |
|---|---|---|---|
| १ | साविक कोटथर ६ ( कि. नं. २८९) क्षेत्रफल १३७९.१५४ र ( कि. नं. २९०) क्षेत्रफल ४२५०.७३६ जग्गा बाट ५६२९.८९ घनमिटर ढुंगा | कमानसिंह आले | गैंडाकोट-१८ |
| २ | साविक अमरापुरी ( कि. नं. १३२) क्षेत्रफल (०-९-१४-०) जग्गा बाट ४९२७.०८ घनमिटर माटो | हरिकला कँडेल | गैंडाकोट-१४ |

**निर्णय नं. ८** गैंडाकोट नगरपालिका कार्यालयको कामकाजमा वाधा नपर्ने गरी यस कार्यालयमा स्थायी पदमा कार्यरत कर्मचारी अ.सब.ई. श्री मनोज कुमार साहलाई कार्यालय समय अघि र पछीको समयमा अन्य कामकाज/सेवा गर्न अनुमति प्रदान गर्ने निर्णय गरियो ।

**निर्णय नं. ९** गैंडाकोट नगरपालिकाको आ.व. २०८२/०८३ को स्वीकृत कार्यक्रम तथा बजेट अनुसारको बालमैत्री नगरपालिका घोषणा/ निर्माणका लागि आवश्यक प्रक्रिया अगाडी बढाउन कार्यालयलाई निर्देशन गर्ने निर्णय गरियो ।

रामचन्द्र लामगादे
प्रमुख प्रशासकीय अधिकृत

शान्ती कोइराला
नगर उप-प्रमुख

मदन भक्त अधिकारी
नगर प्रमुख

**निर्णय नं. १०** गैंडाकोट नगरपालिका वडाहरु / समितिबाट विभिन्न मितिको निर्णयानुसार सिफारिस भई आए अनुसार देहाय बमोजिमका शिर्षकहरुमा योजनाहरुको शिर्षाकान्तर/ रकमान्तर गरी कार्यान्वयन गर्ने निर्णय गरियो ।

| वडा नं. | साविकको योजना | रकम | परिवर्तित योजना शिर्षक | रकमान्तर योजना रकम |
|---|---|---|---|---|
| ९ | अन्तरपालिका शिप आदान प्रदान/ काउलिफ्ट/ विद्युततार क्र.सं. ४९० | रु.४,००,०००/- | एक घर एक विरुवा / टोलविकास संस्था क्र.सं. ४९१ मा थप | रु.५०,०००/- |
| ९ | जयश्री टोल / जैनटार टोल बुद्दिनाथ घिमिरे र गौराको घर जाने बाटो स्तरोउन्नति क्र.सं.४९४ | रु.६,५०,०००/- | बाँधखोला टोल जयश्री खोला चौकीदार मार्ग पछाडी बाटो ग्रावेल | रु.६,५०,०००/- |
| ९ | नारायणी मा.वि./ आधारभुत स्वास्थ्य केन्द्र क्र.सं. ४९८ | रु.३,००,०००/- | जलजला खानेपानी पाईप विस्तार | रु.२,००,०००/- |
| ९ | लक्षित वर्ग क्र.सं. ४८८ | रु.६,००,०००/- | जयश्री महिला समूहको वाल कम्पाउण्ड तथा ट्रष्ट निर्माण | रु.२,००,०००/- |
| १३ | वडाका विभिन्न ठाँउमा बाटो ग्रावेल क्र.सं.५७५ | रु.२,४०,०००/- | अनपिच्छे डाँडाबाट सिख्रौली खेत जाने बाटो स्तरोउन्नती | रु.१४,४०,०००/- |
| | वेल्डिया चोक देखि सुमि चोकसम्म बाटो स्तरोउन्नती क्र.सं.५७६ | रु.८,००,०००/- | | |
| | वडाका विभिन्न ठाँउमा विद्युत पोलतार मर्मत क्र.सं. ५७८ | रु.१,००,०००/- | | |
| | सुशासन तथा संस्थागत विकास क्र.सं.५६७ | रु.१,००,०००/- | | |
| | लक्षित वर्ग कार्यक्रम क्र.सं.५६६ | रु.५,००,०००/- | | |
| १२ | खुल्ला व्यायामशाला निर्माण क्र.सं. ५५४ | रु.३,००,०००/- | मिलिजुली मार्ग स्तरोउन्ती | रु.३,००,०००/- |
| ७ | विविध योजना तथा कार्यक्रम सञ्चालन क्र.सं. ४२७ | रु.५,००,०००/- | असल अभ्यास सिकाई कार्यक्रम | रु.२,००,०००/- |
| १ | जलुके खानेपानी जाने बाटो निर्माण क्र.सं.३०० | रु.६,००,०००/- | बुद्धमार्ग स्तरोउन्नती | रु.६,००,०००/- |

**निर्णय नं. ११** गैंडाकोट नगरपालिका क्षेत्र भित्र शारिरिक रुपमा दिर्घरोगी भई उपचारको क्रममा रहेका एवं घरको आर्थिक अवस्था समेत कमजोर भएको र थप स्वास्थ्य उपचार गर्न कठिनाई भएको भनी सम्बन्धित वडाबाट समेत सिफारिस भई भएकाले देहाय बमोजिमका व्यक्तिहरुलाई तपसिल प्रति बिरामी रु. ५० हजारका दरले आर्थिक सहयोग नगरपालिकाको अन्य सामाजिक सुरक्षा (विपन्न नागरिक उपचार सहयोग ) शिर्षकबाट भुक्तानी दिने निर्णय गरियो ।

१. लियोन कुमाल, गैंडाकोट-८ (वुवा-आमा बुद्धि कुमाल/ मञ्जु राना)
२. राम बहादुर कुमाल, गैंडाकोट -५ (वुवा नर बहादुर कुमाल)
३. रेशम लाल दर्जी परियार, गैंडाकोट -६

रामचन्द्र लामगादे
प्रमुख प्रशासकीय अधिकृत

शान्ती कोइराला
नगर उप-प्रमुख

मदन भक्त अधिकारी
नगर प्रमुख

**निर्णय नं.१२** आ.व. २०८०/०८१ मा ठेक्का आब्हान भई निर्माण व्यवसायी श्री Manakamana Contractor's and Builders Pvt Ltd संग सम्झौता भई निर्माण हुँदै आएको ठेक्का Upgrading (blacktopping) of different roads at gaindakot municipality, Ward no. 1,4,5,6, 7,8,9 and 17 Nawalparasi East, (Contract ID: 12/GM/NCB/2080-081) योजना पुस्तकमा शिर्षक छुट भएकोले उक्त ठेक्काको भुक्तानी माग भई आएकोले आ.व.२०८२/०८३ को शिर्षक वडा नं. ६,९,१०,११,१४,१५ र १७ मा रहेको विभिन्न बाटो स्तरोन्नती शिर्षकको ठेक्का आब्हान गर्दा घटेको रकमबाट भुक्तानी दिने निर्णय गरियो।

**निर्णय नं.१३** गैंडाकोट नगरपालिका अन्तर्गतका विभिन्न वडा समितिबाट सिफारिस भई आएका एवं नगर भित्रका विभिन्न संघ संस्थाहरुबाट बजेट माग भई आएको सन्दर्भमा आवश्यकता र औचित्यका आधारमा देहाय बमोजिम योजना तथा कार्यक्रमहरुमा अन्य संस्था सहायता र आकस्मिक तथा अन्य भैपरी आउने पूँजीगत शिर्षकमा विनियोजन भएको रकमबाट खर्च लेख्ने गरी बजेट बाँडफाँड गर्ने निर्णय गरियो।

क)सिग्देल मार्ग समुन्नती टोल गैंडाकोट- ५ मोज्याक टायलको लागि बजेट रु . ४ लाख
ख)वडा नं. १४ को शान्ति कृषक समूहलाई पाईप विस्तारको लागि रु. ३ लाख
ग) गैंडाकोट -५ मा सृजनशिल गुरुङ समाजको ट्रष्ट निर्माण लागि रु.२ लाख
घ) गैंडाकोट-१ श्री जिवन कुमारी कुमाललाई रु.५० हजार
ङ) लक्ष्मी मा.वि.गैंडाकोट- १५ भवन निर्माणको लागि रु.१० लाख
च) महादेश टोल वडा नं. ४ को मेघनाथ मार्ग निर्माण रु. १लाख
छ) नेपाल नगरपालिका संघलाई प्रशासकीय भवन निर्माणको लागि रु.५ लाख
ज) गैंडाकोट-५, स्याङ्ताङ मार्ग बाटो निर्माणको लागि रु. १० लाख

**निर्णय नं. १४** नगर कार्यपालिकाको कार्यालयबाट आमा व्यवस्थापन भएका तपसिल बमोजिमका ठेक्काहरुको ०८३/२०८२.व. प्राप्त निवेदन तथा निर्माणस्थलमा देखिएको कार्यप्रगति सम्बन्धित निर्माण कम्पनीहरुबाट,उक्त कम्पनीहरुले पेश गरेको कारण र औचित्य समेतका आधारमा गैंडाकोट नगरपालिकाको सार्वजनिक खरिद् नियमावली २०७७ को नियम १२९ बमोजिम म्याद थप गर्ने निर्णय गरियो ।

| सि. न. | योजनाको नाम | ठेक्का नं. | ठेक्का प्राप्त कर्ता कम्पनी र कार्य स्थलको नाम ठेगाना | सम्झौता बमोजिम अन्तिम म्याद | नयाँ कार्य सम्पन्न गर्नुपर्ने मिति |
|---|---|---|---|---|---|
| १ | Construction of Ward Office Building at Ward no. 16, Gaindakot Municipality, Nawalparasi east | 18/GM/NCB/20 8108-2( | Rove Construction & Engineering Pvt. Ltd. | 2082.12.30 | 2083.02.30 |
| २ | Upgrading (blacktopping) of different roads at gaindakot municipality, Ward no. 1,4 & 6 Nawalparasi East, | 13/GM/NCB/20 80-081 | Indrashree Nirman Sewa Pvt. Ltd. | 2082.11.30 | 2083.02.30 |

**निर्णय नं. १६** स्थानीय सरकार सञ्चालन ऐन,२०७४ ले निर्दिष्ट गरे बमोजिम गैडाकोट नगरपालिकाको आर्थिक ऐन २०८२ को अनुसूची (७) दफा ८ सँग सम्बन्धित विज्ञापन सामाग्रीको प्रकार/स्वरुप र दरको क्षेत्राधिकार भित्र रही करदाता (संस्था/व्यक्ति) सँग नियमानुसार विज्ञापन कर संकलन गर्ने प्रयोजनार्थ करदाता (संस्था/व्यक्ति) ले भर्नुपर्ने तपसिलको विज्ञापन कर संकलन फाराम स्वीकृत गर्ने, साथै विज्ञापन सामाग्री राख्ने सम्बन्धित वडा कार्यालयको सिफारिस र स्वीकृत विज्ञापन कर संकलन फाराम प्रविष्टिको आधारमा विज्ञापन कर संकलन गर्ने निर्णय गरियो।

रामचन्द्र लामगादे
प्रमुख प्रशासकीय अधिकृत

शान्ती कोइराला
नगर उप-प्रमुख

मदन भक्त अधिकारी
नगर प्रमुख

गैडाकोट नगरपालिका
नगर कार्यपालिकाको कार्यालय
गैडाकोट, नवलपरासी(बर्दघाट सुस्ता पूर्व), गण्डकी प्रदेश, नेपाल

**विज्ञापन कर संकलन फाराम**

श्री .....................................ज्यू,
गैडाकोट नगरपालिका
नगर कार्यपालिकाको कार्यालय, नवलपरासी(बर्दघाट सुस्ता पूर्व)

विषयः- विज्ञापनको लागि स्वीकृति पाउँ।

महोदय,

यस नगरपालिकाको आर्थिक ऐनको अनुसूची- ७ (दफा८सँग सम्वन्धित) विज्ञापन करका लागि देहाय बमोजिमको ढाँचामा विवरण दाखिला गरेको छु/छौ। यस बमोजिम नगरपालिकाले विज्ञापन कर निर्धारण गरिदिएमा मेरो/हाम्रो मन्जुर छ। तपसिलमा उल्लेखित विवरणहरु सहितको विज्ञापन गर्न स्वीकृति पाउँ।

**क) विज्ञापन करदाताको विवरण**

करदाता/व्यवसाय/फर्मको नामः-

ठेगानाः- मोबाइल नं. पान नं. विज्ञापन गरिने स्थानः-

कम्पनी रजिष्टार कार्यालयको दर्ता नं./मितिः-

**विज्ञापन सामाग्रिको विवरणः**

**(सम्बन्धित विज्ञापन सामाग्रीको प्रकार/स्वरुपमा (✓) चिन्ह लगाउने।)**

| क्र.सं | विज्ञापन सामाग्रीको प्रकार/स्वरुप | |
|---|---|---|
| १ | १२स्क्वायर फिटसम्मको होर्डिङवोर्ड | |
| २ | सोभन्दामाथि२०स्क्वायरफिट सम्मको होर्डिङ वोर्ड | |
| ३ | सो भन्दा माथिको होर्डिङ वोर्ड (स्क्वायर फिटमा) | |
| ४ | भित्ते लेखन ( स्क्वायर फिटमा) | |
| ५ | फ्लेक्स वोर्ड व्यापार व्यवसाय १२ स्क्वायर फिट सम्म पसल वाहिरका | |
| ६ | फ्लेक्स वोर्ड व्यापार व्यवसाय १२ स्क्वायर फिट भन्दा माथि पसल वाहिरका | |
| ७ | पोल व्यानर सानो एक हप्तासम्मको(एक हप्ता पछि व्यानार निकाल्ने गरी ) | |
| ८ | लामो व्यानर रोड क्रस गरिएको एक हप्ता सम्मको (एक हप्ता पछि व्यानार निकाल्ने गरी।) | |
| ९ | एल.ई.डि भिडियो डिस्प्ले वोर्ड (स्क्वायर फिटमा ) | |

**पुनश्चः** क) आफ्नो व्यवसाय परिचयको लागि १५ स्क्वायर फिट सम्म १ थान बोर्ड व्यवसायीले आफ्ना पसल वा व्यवसाय रहेको भित्ता पर्खाल वा अगाडिको भागमा राख्न पाउने छन् १ भन्दा धेरै बोर्ड राख्नु परेमा माथिको दररेटमा सम्वन्धित व्यवसायीले विज्ञापन कर वापत बुझाउनुपर्नेछ।

ख) सार्वजनिक स्थानमा राखिएको प्रचार प्रसार सामाग्रिमा लाग्ने रकममा २० प्रतिशत रकम थप गरि रकम असुलि गरिनेछ।

ग) निजि सम्पति भवन , टहरा, जग्गामा समेत विज्ञापन गरे वापत न.पा.ले कर लिन पाउनेछ।

**यस विवरण साथ संलग्न कागजातहरुः**

क) होर्डिङ् बोर्डको फोटो

ख) व्यवसायको हकमा व्यवसाय दर्ता प्रमाणपत्र

ग) करदाता/सञ्चालकको नागरिकता प्रमाणपत्रको प्रतिलिपि

घ) फर्म/उद्योग दर्ता प्रमाण पत्र

नोटः- विज्ञापन कर निर्धारण गर्न द्विविधा भएमा न.पा.बाट प्राविधिक खटाई स्थलगत निरीक्षण गरी कर निर्धारण गर्न सकिनेछ।

**ख) विवरण दाखिला गर्ने व्यक्ति/फर्म/संस्थाकोः-**

दस्तखतः-
नामथरः-
ठेगानाः-
मितिः-

रामचन्द्र लामगादे
प्रमुख प्रशासकीय अधिकृत

शान्ती कोइराला
नगर उप-प्रमुख

मदन भक्त अधिकारी
नगर प्रमुख